भक्तपुर जिल्ला अदालत
भक्तपुर

श्री भक्तपुर जिल्ला अदालतबाट जारी भएको बाँकी बक्यौता (कैद जरिवाना) बुझाउन आएमा छुट पाइने सम्बन्धी सूचना ।

सूचना प्रकाशित मिति २०७३।१२।१३

विभिन्न अदालतको फैसला बमोजिम कैद जरिवाना र सरकारी विगो तिर्न बुझाउन बाँकी रही यस भक्तपुर जिल्ला अदालतमा बेरुजु लगत रहेका ब्यक्तिहरुले आफुलाई लागेको कैद जरिवाना तथा सरकारी विगो जिल्ला अदालत नियमावली २०५२ को नियम ८७ बमोजिम यो सूचना जारी भएको मितिले एक महिना भित्र बुझाउन ल्याएमा लागेको कैद जरिवानाको १५%, दुई महिना भित्र बुझाउन ल्याएमा १३% , तीन महिना भित्र बुझाउन ल्याएमा ११%, चार महिना भित्र बुझाउन ल्याएमा ९%, पाँच महिना भित्र बुझाउन ल्याएमा ७%, र छ महिना भित्र बुझाउन ल्याएमा ५% छुट दिईने हुँदा यस अदालतको मिति २०७३।१२।१० गतेको निर्णय अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

(राजेन्द्रप्रसाद वाग्ले)
तहसीलदार

इति सम्बत २०७३ साल चैत्र महिना १३ गते रोज १ शुभम्.........................